उपदफा १ (ख) का लागि विषय विशेषज्ञहरुको सूची आधारभुत तहका लागि गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत पाँच वर्ष सेवा अवधि पुरा भएका स्थायी,करार र राहत शिक्षकहरुमध्येवाट शिक्षा शास्त्रमा स्नातक उतीर्ण,माध्यमिक तह कक्षा(९-१०) का लागि माध्यमिक तहमा कार्यरत तिन वर्ष सेवा अवधि पुरा भएका स्थायी,करार र राहत शिक्षकहरुमध्ये सम्वन्धित विषयमा स्नातकोत्तर उतिर्ण , माध्यमिक तह कक्षा (११-१२) का लागि सम्वन्धित तह र विषयमा कार्यरत तिन वर्ष सेवा अवधि पुरा भएका शिक्षकहरु मध्ये सम्वन्धित विषयमा दित्तिय श्रेणीमा स्नातकोत्तर उतिर्ण र विद्यालय सहायक कर्मचारी (लेखापाल) छनोट गर्ने विशेषज्ञ हुन माध्यमिक तह कक्षा(११-१२) वा कक्षा (९-१०) को वाणिज्य वा लेखा शास्त्र विषयको स्वीकृत दरवन्दीमा कार्यरत एक वर्ष सेवा अवधि पुरा भएको स्थायी करार वा राहत शिक्षक र सम्वन्धित विषयमा स्नातक तह उतीर्ण शिक्षकहरु मध्येवाट सूची प्रकाशन गरिनेछ। यस्तो सूची प्रत्येक २ वर्षमा अद्यावधिक गरिनेछ।

२ छनौट समितिले गाउँपालिकाको कार्यालयमा लिखित र अन्तरवार्ता परीक्षा संचालन गर्नु पर्नेछ ।

३ शिक्षक छनौट समितिको प्रशासनिक कार्य गाउँ शिक्षा शाखाले शाखाले गर्नेछ।

४समितिका सदस्यहरुको वैठक र व्यवस्थापन कार्यविधि तोकिएवमोजिम हुनेछ।

**२३. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) माध्यमिक तहमा स्थायी र स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त दरवन्दी राहत अस्थाई करार शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिले **गाउँ** शिक्षा समिति मार्फत गाउँपालिकामा सिफारिस गर्ने छ ।

(ख) आधारभूत तहमा स्थायी, र स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक अस्थाई करार मध्येबाट प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिबाटगरिनेछ। ग) प्रधानाध्यकपले नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सूधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्ने छ ।

(घ) प्रधानाध्यापकको अवधी ५ बर्षको हुनेछ । निज **पुन**सो पदमा वहाल रहन पाउनेछ ।

(ग) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(घ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य **गरेको** नपाईएमा व्यवस्थापन समितिका सिफारिसमा गाउँ शिक्षा समितिले हटाउन सम्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिईनेछ ।

**२४. शिक्षकको सरुवा:**

(१) दरवन्दी मिलान गर्दा बाहेक शिक्षकले सरुवा हुन चाहेमा आफू कार्यरत विद्यालय र जान चाहेको विद्यालयका विद्यालय व्यवस्थापन समितिको सहमतिसहित गाउँ शिक्षा समितिसमक्ष निवेदन दिन सक्नेछ ।

(२) यसरी प्राप्तल निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्र वा सहमति प्राप्त विद्यालयमा सरुवा गर्नु पर्ने छ ।

